# समाज कल्याण नियमावली -२०४९

(दोश्रो संशोधन -२०७१ सहित)

२०४९

...मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्र... नियमावली
दर्ता नं: १००/०८२
दर्ता मिति: २०८२/१२/०२

# समाज कल्याण नियमावली, २०४९

संशोधन
पहिलो संशोधन २०६२
दोश्रो संशोधन २०७१

निर्णय मिति
२०६२।११।१२
२०७१।१२।२२

प्रस्तावना
समाज कल्याण ऐन, २०४९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्ले मिति २०४९।९।२४ मा देहायबमोजिमको नियम बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ
(१) यस नियमावलीको नाम 'समाज कल्याण नियमावली, २०४९' रहेको छ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा
विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:
(१) 'ऐन' भन्नाले समाज कल्याण ऐन, २०४९' सम्झनु पर्दछ।
(२) 'समिति' भन्नाले ऐनको दफा १० बमोजिम गठित कार्यसञ्चालन समिति सम्झनुपर्दछ।
(३) 'अध्यक्ष' भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्दछ।
(४) 'उपाध्यक्ष' भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्दछ।
(५) 'सदस्य-सचिव' भन्नाले परिषद्को सदस्य-सचिव सम्झनुपर्दछ।
(६) 'कोषाध्यक्ष' भन्नाले परिषद्को कोषाध्यक्ष सम्झनुपर्दछ।
(७) 'अन्तर्राष्ट्रिय समाजिक संघ संस्था' भन्नाले ऐनको दफा १२ बमोजिम नेपाल भित्र काम गर्ने अनुमतिप्राप्त वा अनुमति प्राप्त गर्न चाहने विदेशी गैरसरकारी संघ संस्थासमेतलाई सम्झनुपर्दछ।
Δ (८)अनुमति' भन्नाले ऐनको दफा १२ बमोजिम परिषद्बाट नेपाल भित्र काम गर्न अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थालाई दिएको अनुमति सम्झनु पर्दछ।
Δ (९)'सम्झौता' भन्नाले ऐनको दफा १२ बमोजिम अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थासँग गरिने साधारण तथा परियोजना सम्झौता सम्झनुपर्दछ।
(१०)"आवद्ध" भन्नाले ऐनको दफा १३ बमोजिम परिषद्सँग आवद्ध भएका सामाजिक संघसंस्था सम्झनु पर्छ। *सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापना भई समाज कल्याण परिषद्मा आवद्ध सबै किसिमका गैर सरकारी संघसंस्थालाई समेत जनाएको मानिनेछ।
Δ (११)'साझेदार संस्था' भन्नाले अन्तर्राष्ट्रिय दातृसंस्थासँग मिलेर परियोजना कार्यान्वयन गर्न स्वीकृति पाएको वा छानिएको सामाजिक संस्था सम्झनुपर्दछ।
Δ (१२)'विधान' भन्नाले प्रचलित नेपाल कानुन बमोजिम दर्ता कायम रहेको संघसंस्थाको विधान भन्ने सम्झनु पर्दछ।
Δ (१३)'सहयोग' भन्नाले ऐनको दफा १६ बमोजिम प्राप्त हुने सहयोग सम्झनुपर्दछ।
O(१४)'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस नियमावली तथा यस अन्तर्गत अधिकार प्राप्त अधिकारी वा निकायद्वारा तोकिएको वा तोकिए बमोजिम भन्ने संझनु पर्दछ।
*१५) "परिषद् कार्यालय" भन्नाले समाज कल्याण परिषद्को केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ र सो शब्दले परिषद्का सदस्य सचिवले गरेको निर्णय समेतलाई जनाएको मानिनेछ।

३. परिषद्को छाप
समाज कल्याण परिषद्को छाप अनुसूची १ बमोजिम हुनेछ।

---

Δ पहिलो संशोधनबाट संशोधित
O पहिलो संशोधनबाट थप
* दोश्रो संशोधनबाट थप

४. परिषद्को झन्डा

समाज कल्याण परिषद्को झन्डा अनुसूची २ बमोजिमको हुनेछ ।

५. अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) परिषद् वा कार्यसञ्चालन समितिको बैठकको अध्यक्षता गर्ने ।

Δ(२)परिषद्, परिषद् अन्तर्गतका उपसमिति एवं कोषहरूको कामकारबाही सुचारु र नियमित गर्न निर्देशन दिने ।

Δ(३) परिषद् र समितिको कामकारबाही सुचारु रूपमा सञ्चालन गर्न आवश्यक परेमा अध्यक्षमा निहित अधिकार परिषद्का उपाध्यक्ष, सदस्यसचिव वा कोषाध्यक्ष वा कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्ने ।

(४) ऐनको उद्देश्य प्राप्तिका लागि नियमावलीको कार्यान्वयन गर्ने-गराउने ।

O (५) परिषद् र परिषद् अन्तर्गतका कोष तथा उप-समितिहरुको काम कारवाहीको निरिक्षण गरी आवश्यक निर्देशन दिने ।

O (६) परिषद् वा समितिको निर्णय प्रमाणित गर्ने ।

६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको अनुपस्थितिमा वा अध्यक्षले तोकेको अवस्थामा अध्यक्षको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने ।

(२) सामाजिक संघ संस्थाहरूसँग समन्वय र सहयोगका निम्ति आवश्यक कामकारबाही गर्ने-गराउने ।

(३) परिषद् र यसअन्तर्गतका कोष तथा उपसमितिहरूको कामकारबाहीको निरीक्षण गरी आवश्यक निर्देशन दिने

७. सदस्यसचिवको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको स्वीकृति लिई परिषद् र समितिको बैठक बोलाउने,

(२) परिषद् वा समितिको निर्णय कार्यान्वयन गर्ने-गराउने ।

□(३) परिषद् वा समितिको बैठकको निर्णय प्रमाणित गर्ने ।

□(४) ऐनको दफा १२ बमोजिम अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैर सरकारी संघसंस्थाहरूलाई नेपालमा काम गर्न अनुमति दिने, साधारण तथा परियोजना संझौता गर्ने, संशोधन गर्ने सामाजिक एवं संघसंस्थालाई वैदेशिक सहयोग प्राप्त गर्न स्वीकृति दिने

(५) सहयोग प्राप्त गर्नका लागि परिषद्मा प्रस्तुत परियोजनालाई ऐनको दफा १६ बमोजिम स्वीकृति प्रदान गर्ने

□(६) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाका प्रतिनिधि/विशेषज्ञ/स्वयंसेवकहरूलाई नेपालमा काम गर्न सेवा अनुमति एवं प्रवेशाज्ञाका लागि निर्णय गर्ने । यस्ता संघ संस्थाका कार्यालय एवं परियोजनाका लागि भन्सार/कर/ राजस्व/अन्य विलम्व छुट/का लागि सिफारिस गर्ने,

□(७) परिषद्, मातहतका कोष, कार्यालय, सामाजिक संघसंस्था, तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघ-संस्थाका सन्दर्भमा मुद्दा-मामिला तथा करार गर्नु परेमा परिषद्का तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

□(८) परिषद्, मातहतका कोष एवं कार्यालयको वार्षिक कार्यक्रम र प्रतिवेदन कार्यसञ्चालन समिति र परिषद्समक्ष पेस गर्ने, गर्न लगाउने,

□(९) परिषद्को केन्द्रीय एवं विभिन्न खाता सञ्चालनमा सहहस्ताक्षरकर्ताका रूपमा कार्य गर्ने,

□(१०) परिषद् मातहतका कार्यालय तथा कोषहरूको समन्वय, निरीक्षण र सुपरिवेक्षण गर्ने, गराउने,

□(११) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाद्वारा सहयोग प्राप्त कार्यक्रम/परियोजनाहरूको समन्वय, नियमन, अनुगमन, निरीक्षण, सुपरिवेक्षण एवं मूल्यांकन गर्ने गराउने,

□(१२) परिषद्सँग आवद्ध एवं सम्झौतागरी कार्यरत सामाजिक संघसंस्थाका सम्बन्धमा प्राप्त उजुरी उपर छानबिन गर्ने, गराउने र छानविनप्रतिवेदन अनुसार सम्वन्धित निकायमा आवश्यक सिफारिस एवं कार्यबाही गर्ने, गराउने ।

---

Δ पहिलो संशोधनबाट संशोधित

O पहिलो संशोधनबाट थप

□ दोश्रो संशोधनबाट संशोधित

□(१५) आवद्धता सम्बन्धी प्रमाणपत्रमा हस्ताक्षर गर्ने, गराउने ।

*(१७) परिषद् अन्तर्गतका कार्यालय, कोष तथा उप समितिको दैनिक आर्थिक तथा प्रशासनिक कार्य सूचारु रूपले सञ्चालन गर्ने, गराउने ।

*(१८) परिषद्, मातहतका कार्यालय एवं कोषका कर्मचारीलाई नियन्त्रण गर्ने, निर्देशन दिने ।

*(१९) परिषद् , मातहतका कार्यालय एवं कोषको कर्मचारीको नियुक्ती वा सरुवा गर्ने, कामकाज तोक्ने ।

*(२०) परिषद् मातहतका कार्यालय कोषका कर्मचारीलाई दण्ड र पुरस्कार सम्बन्धी निर्णय गर्ने ।

*(२१) परिषद्बाट स्वीकृत निर्देशिका/कार्यविधीको कार्यान्वियन गर्न आवश्यक निर्देशन दिने ।

८. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) वार्षिक आयव्यय अनुमान र गत वर्षको आयव्यय विवरण तयार पारी परिषद् वा समितिको बैठकमा पेस गर्ने-गराउने ।

(२) परिषद् वा यस अन्तर्गतको उपसमिति वा कोषहरूको रेखदेख, निरीक्षण गरी सुव्यवस्थित गर्ने-गराउने ।

(३) परिषद् वा अन्तर्गतका कोषहरू वा उपसमितिहरूको कोष अभिवृद्धि गर्न आवश्यक कामकारबाही गर्ने-गराउने

(४) परिषद् र यस अन्तर्गतका कोषहरू वा उपसमितिहरूको अद्यावधिक विवरण तयार पार्न लगाई आवश्यकताअनुसार निरीक्षण गर्न लगाउने ।

(५) परिषद्का केन्द्रीय स्तरको खाता सञ्चालनमा सह-हस्ताक्षरकर्ताको रूपमा हस्ताक्षर गर्ने ।

(६) परिषद्का र यसअन्तर्गतका उपसमिति वा कोषहरूको आन्तरिक लेखापरीक्षण समयमा गराउने र त्यसको प्रतिवेदनको कार्यान्वियन गर्न आवश्यक निर्देशन दिने ।

(७) परिषद् र यसअन्तर्गतका उपसमिति वा कोषहरूको नगदी वा जिन्सी सम्पत्तिको संरक्षण गराउने र हिनामिना वा हानिनोक्सानीको नियन्त्रण गर्ने-गराउने ।

(८) परिषद्सित सम्झौता गरी कार्य गर्ने विदेशी संघसंस्था तथा परिषद्सँग आबद्ध संघसंस्थाको लेखाप्रणालीलाई व्यवस्थित पार्न निर्देशन दिने ।

(९) महालेखा परीक्षकको प्रतिवेदन परिषद् र यस अन्तर्गतका उपसमितिका हकमा कार्यान्वियन गर्ने-गराउने ।

९. कार्यसञ्चालन समितिको बैठक र निर्णय

(१) ऐनको दफा १० (१) बमोजिम कार्यसञ्चालन समितिको बैठक सामान्यतया महिनाको १ पटक बस्नेछ ।

(२) समितिका कुल सदस्य संख्याको कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवै अनुपस्थित भएमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

१० कार्यसञ्चालन समितिको काम, कर्तव्य र अधिकार

□(१) परिषद् मातहतका कार्यालय तथा कोषको वार्षिक कार्यक्रम, बजेट तथा आवश्यक नीतिगत विषयहरू तयार गरी परिषद्को बैठकबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने र सोको सुपरिवेक्षण एवं अनुगमन गर्ने, गराउने

□(२) परिषद्, मातहतका कार्यालय एवं कोषका वार्षिक कार्यक्रम सुचारु रूपले सञ्चालन गर्न निरीक्षण, सुपरिवेक्षण र व्यवस्थापन गर्ने, गराउने ।

□(३) नेपालमा काम गर्न चाहने अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा बिदेशी गैरसरकारी संघसंस्थासँग गरिने सम्झौता एवम् कार्य अनुमति खारेजीका सन्दर्भमा नीति निर्माण गरी कार्यान्वियन गर्ने, गराउने ।

---

□ [illegible]थो सशोधनबाट संशोधित

* [illegible]थो संशोधनबाट थप

□(४) परिषद् अन्तर्गतका कोषहरूको आवश्यकता अनुसार व्यवस्थापन, सुदृढीकरण दरबन्दी परिषद् कार्यालयमा मिलान, कोषको खारेजी एवं परिषद्मा गाभ्नेतथा परिषद् अन्तर्गतका कार्यालयहरूको संगठनात्मक ढाँचा निर्माण, संशोधन, कर्मचारीहरूको दरबन्दी सिर्जना तथा खारेजीको विषयमा परिषद्को बैठकबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने ।

□(५) सामाजिक संघ-संस्था तथा अन्तर्राष्ट्रिय सामाजिक संघ-संस्था वा विदेशी गैर सरकारी संघसंस्था र सोका परियोजना सम्बन्धी कर, राजस्व, भन्सार छुट एवं विदेशी प्रतिनिधि, स्वयंसेवक तथा विशेषज्ञ सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

□(६) परिषद, मातहतका कार्यालय तथा कोष एवं सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थासँग सम्बन्धित विशेष प्रकृतिका मुद्दा मामिला वा अन्य काममा परिषद्का तर्फबाट प्रतिनिधि तोक्ने ।

□(७) ऐन विपरीत कार्य गर्ने सामाजिक संघसंस्थालाई ऐनको दफा २० अनुसार निलम्बन वा विघटन गर्न सिफारिस गर्ने ।

□(८) सामाजिक संघसंस्थाको दर्ता, नवीकरण, सञ्चालन, प्रोत्साहन, क्षमतावृद्धि, विस्तार र सुदृढीकरणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

□(९) सामाजिक संघ, संस्था तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संस्थाको संस्थागत एवं परियोजना तथा कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकनको प्रयोजनार्थ नीति निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

□(१०) विदेशी गैरसरकारी वा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थाको सहयोगमा सञ्चालन गरिने परियोजना एवं कार्यक्रमका लागि प्राथमिकता दिनुपर्ने विषयगत एवं भौगोलिक क्षेत्र निर्क्योल गर्ने गराउने तथा सम्झौता, कार्यअनुमति, परियोजना कार्यक्रम स्वीकृति तथा सामाजिक संघसंस्था सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

□(११) परिषद्, मातहतका कार्यालय, कोष तथा सामाजिक संघसंस्थाका लागि वैकल्पिक स्रोतसाधन आर्जन सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(१२) परिषद् मातहतका कार्यालय तथा कोषका चल-अचल सम्पत्ति भाडामा लिने दिने, लिजमा उपलब्ध गराउने एवं अन्य आय आर्जनका उपायको खोजी गरी कार्यान्वयन गर्ने, गराउने ।

□(१३) समाज सेवा तथा विकास कार्यमा लागेका व्यक्ति एवं संस्थाको प्रोत्साहनका निम्ति आवश्यक पुरस्कारको व्यवस्था गर्ने, गराउने ।

□(१४) गैरसरकारी क्षेत्रलाई व्यवस्थित एवं सुदृढ गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने र निजी क्षेत्रलाई सामाजिक दायित्व निर्वाह गर्न प्रोत्साहित गर्न नीति निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

*(१५) ऐनको दफा (१३) को उपदफा (४) अनुसार आवद्धता अलग गर्ने सम्वन्धी विषयमा निर्णय गर्ने, गराउने ।

*(१६) सामाजिक संघसंस्थाको संगठनात्मक सुदृढीकरण र संस्थागत विकासका निम्ति आवश्यक नीति निर्माण र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने र सामाजिक संघसंस्थाको वर्गीकरण गर्ने ।

*(१७) परिषद्, अन्तर्गतका कार्यालय, कोषका कार्यक्रम तथा आय व्ययको निरीक्षण, सुपरिवेक्षण र व्यवस्थापन गर्ने गराउने र आवश्यकता अनुसार गठन हुने उपसमितिहरुको समूचित परिचालन गर्ने, गराउने ।

*(१८) परिषद्, मातहतका कार्यालय तथा कोषका नियम, विनियम तर्जुमा एवं संशोधनको प्रयोजनार्थ समिति एवं परिषद्को बैठकमा पेस गर्ने, गराउने ।

*(१९) नेपाल सरकार तथा सम्बन्धित निकायलाई आवश्यकता अनुसार परामर्श उपलब्ध गर्ने, गराउने ।

---

□ दोस्रो संशोधनबाट संशोधित

* दोस्रो संशोधनबाट थप

११. अधिकार प्रत्यायोजन

(१) समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार समितिको सदस्य वा समितिद्वारा गठित उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त अधिकार समितिका सदस्यले परिषद्को अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. अनुमति लिनुपर्ने

□१) नेपाल भित्र समाज कल्याण सम्बन्धी काममा सहयोग गर्न चाहने वा काम गर्न चाहने अन्तर्राष्ट्रिय संघसंस्थालाई ऐनको दफा १२ अनुसारको अनुमति प्राप्त गर्नका निम्ति समितिले तोके बमोजिम परिषद् कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

□(२)उपनियम १ बमोजिमको निवेदनमा आवश्यक सूचना जानकारी पूर्ण भएको छैन भन्ने लागेमा परिषद् कार्यालयले सम्बन्धित संस्था वा व्यक्तिको थप विवरण माग गर्न वा प्राप्त गर्न सक्नेछ । यसरी विवरण माग भएमा सोबमोजिम विवरण उपलब्ध गराउनु सो संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।

□(३)उपनियम (१) र (२) बमोजिम निवेदन र विवरण प्राप्त भएपछि सम्बन्धित निकायहरूसँग समन्वय गरी परिषद् कार्यालयले ३ महिनाभित्र त्यस्तो संस्था वा व्यक्तिलाई काम गर्न अनुमति प्रदान गर्न सिफारिस गर्न सक्नेछ ।

□(४)उपनियम (३) बमोजिम अनुमति प्राप्त अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपाल भित्र काम गर्नुअघि परिषद् कार्यालयले तोके बमोजिमको सम्झौता गर्नुपर्नेछ ।

□(५) उपनियम (४) बमोजिम गरिएको सम्झौता उल्लङ्घन भएको परिषद् कार्यालयलाई लागेमा सम्बन्धित पक्षलाई स्पष्टीकरणको मौका दिइनेछ । स्पष्टीकरण सन्तोषजनक नभएमा समितिले त्यस्तो सम्झौता रद्द गर्न सक्नेछ

*६) परिषद् कार्यालय तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले एक अर्कालाई ६ महिनाको पूर्वसूचना दिई सम्झौता रद्ध गर्न सक्नेछन् । अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थाका विदेशी गैरसरकारी संघसंस्थाले नेपालमा संझौता अनुसार गरेको कामको विवरण, लेखा परीक्षण प्रतिवेदन, संस्था एवं परियोजनाको भौतिक सम्परीक्षण र सम्पतिको विवरण, हस्तान्तरण स्वीकृति पत्र सहित परिषद कार्यालयमा पेस गर्नु पर्नेछ । सो उपर परिषद् कार्यालयले छानविन गरी सोको प्रतिवेदन समितिमा पेश गर्नेछ । समितिले सो प्रतिवेदनका आधारमा सम्झौता रद्ध गर्न वा अन्य आवश्यक निर्णय गर्न सक्नेछ ।

१३. आबद्धता

(१) समाज कल्याण परिषद्सँग ऐनको दफा १३ बमोजिम आबद्ध हुन चाहने संस्थाले आबद्धताका निमित्त अनुसूची ३ बमोजिमको निवेदन दिनुपर्नेछ ।

Δ(२)प्राप्त निवेदन उपर कारबाही गरी सामान्यतया १५ (पन्ध्र) दिनभित्र अनुसूची ४ बमोजिमको आबद्धताको प्रमाणपत्र स्वीकृति दिन सक्नेछ ।

(३) ऐन लागू हुनुभन्दा पहिले परिषद्मा दर्ता भएका संस्थाहरू यस नियमावली बमोजिम परिषद्मा आबद्ध भएको मानिनेछ । तर ती संस्थाहरूले यस नियमावलीमा तोकिएका कुराहरू पालना गर्नुपर्नेछ ।

□(४) प्रचलित ऐन कानुन र यस नियमावली विपरीत कार्य गरेमा समितिले त्यस्तो संस्थाको आबद्धता रद्द गर्न सक्नेछ ।

१४. आबद्धता अलग गर्ने व्यवस्था

□(१)समाज कल्याण परिषद्सँग आबद्ध सामाजिक संस्थाले ऐनको दफा १३ (४) अनुसार परिषद्बाट अलग हुन चाहेमा परिषद् कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

---

Δ पहिलो संशोधनबाट संशोधित

□ दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट थप

(२) यसरी निवेदन दिने संस्थाले निम्न सर्तहरू पूरा गर्नुपर्नेछ–

(क) आबद्धता फिर्ता दिन चाहने संस्थाको साधारणसभाले आबद्धताबाट अलग हुने निर्णय गरेको हुनुपर्नेछ

(ख) आबद्धताबाट अलग हुन चाहेको निवेदन दर्ता गर्दाको मितिसम्मको लेखापरीक्षण प्रतिवेदन र भौतिक सम्पत्तिको सम्परीक्षण विवरण संलग्न हुनुपर्नेछ ।

(ग) आबद्धताबाट अलग हुन चाहने संस्थाले परिषद्सँग वा परिषद्मार्फत कुनै योजना, परियोजना वा कार्यक्रमका निमित्त अनुदान प्राप्त गरेको भए उक्त कार्य सम्पन्न भएको हुनुपर्नेछ ।

(घ) योजना, परियोजना वा कार्यक्रम सम्पन्न नगरी बीचैमा छाड्न चाहने संस्थाले त्यस्तो परियोजना वा कार्यक्रमका लागि प्राप्त सहायता फिर्ता गर्नुपर्नेछ तर परियोजनामा काम भइसकेको भए खर्चको फाँटवारी दिई परिषद् वा परिषद्ले तोकेको अर्को कुनै संस्थालाई परियोजना वा कार्यक्रम जिम्मा लगाउन सकिनेछ । यसरी जिम्मा लगाएपछि त्यसमा आबद्धताबाट अलग हुने संस्थाको कुनै अधिकार हुने छैन ।

□(३)आबद्धता फिर्ता लिन चाहने संस्थाले निवेदन दिएको ४५ दिनभित्र समितिले निर्णय गरी आबद्धताबाट अलग गर्न सक्नेछ । तर परिषद् वा परिषद् मार्फत उपलब्ध गराइएको आर्थिक वा भौतिक सम्पत्तिको संरक्षण हुँदैन भन्ने लागेमा समितिले त्यस्तो संस्थालाई आबद्धताबाट अलग नगर्न सक्नेछ ।

(४) आबद्धता फिर्ता लिने संस्थाले पुनः आबद्ध हुन चाहेमा विधिवत् गठित नयाँ कार्यसमितिले साधारणसभाको अनुमोदनसहित निवेदन दिनुपर्नेछ ।

१५. सामाजिक संघसंस्थाले पालना गर्नुपर्ने सर्तहरू

(१) समाज कल्याण परिषद्मा आबद्ध हुन चाहने सामाजिक संघसंस्थाले निम्नलिखित शर्तहरू पालना गर्नुपर्नेछ–

(क) समाज कल्याण कार्य गर्ने उद्देश्यले स्थापना भएको हुनुपर्ने ।

(ख) संस्थाको साधारण सदस्यता खुला हुनुपर्ने ।

∆(ग) संस्थाको विधान बमोजिम कार्य समितिको आवधिक निर्वाचन नियमित हुनुपर्ने ।

∆(घ) वार्षिक लेखापरीक्षण गर्ने र त्यसको प्रतिवेदन स्थानीय अधिकारी र परिषदमा तथा संस्था दर्ता नवीकरणको प्रतिलिपि परिषद्मा पठाउने व्यवस्था हुनुपर्ने ।

*(ङ) वार्षिक साधारणसभा गरी कार्यक्रम र बजेट स्वीकृत गर्ने व्यवस्था भएको हुनुपर्ने ।

∆(च) १) संस्थाको विधानमा संस्थाका पदाधिकारी एवं सदस्य उपर अविश्वासको प्रस्ताव राख्ने, त्यस्ता पदाधिकारी एवं सदस्यलाई आफ्नो सफाइको मौका प्रदान गर्ने मनासिब माफिकको अवसर दिने प्रावधान राखिनुपर्ने ।

O२) संस्थाको कार्य समिति उपर वा अविश्वास प्रस्ताव पारित भएमा अर्को तदर्थ समिति गठन गर्ने वा अर्कोपदाधिकारी एवं कार्य समितिका सदस्य आउने व्यवस्था हुनुपर्ने ।

(छ) संस्थाका आजीवन सदस्यलगायत सबै साधारण सदस्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै तहको निर्वाचनमा भाग लिन पाउने व्यवस्था हुनुपर्नेछ । तर निर्वाचनमा भाग लिनका लागि सदस्यता प्राप्त गर्ने निश्चित समायावधि तोकिएको भएमा यस नियमसँग बाझिएको मानिने छैन ।

(ज) एकभन्दा धेरै शाखा वा तह भएका संस्थाको हकमा प्रारम्भिक तहको निर्वाचन गरेपछि मात्रै माथिल्लो तहको निर्वाचन गर्ने प्रावधान हुनुपर्नेछ । यो नियमावली प्रारम्भ हुँदाका बखत यसअनुसार निर्वाचन नभई गठन भएको समिति तदर्थ समितिसरह मानिनेछ र यस्तो समितिको ऐनले तोकेको म्यादभित्र निर्वाचन हुनुपर्नेछ ।

---

∆ पहिलो संशोधनबाट संशोधित

O पहिलो संशोधनबाट थप

□ दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट थप

(झ) संस्थाको लाभांश वितरण नगरिने र नहुने व्यवस्था हुनुपर्ने ।

(ञ) संस्थाका निर्वाचित वा मनानीत पदाधिकारी वा सदस्यले संस्थाबाट नियमित वेतन लिन नहुने । तर, त्यस्तो संस्थाले सञ्चालन गरेका परियोजनामा निश्चित जिम्मेवारी पूरा गरेबापत पाउने पारिश्रमिक लिनलाई रोक लगाएको मानिने छैन ।

[]ट) संस्थाको नाममा बैंक खाता हुनुपर्ने र कुनै विदेशी गैरसरकारी संघसंस्था, वा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थाको आर्थिक सहयोगमा संचालित परियोजनाहरूको हकमा छुट्टा छुट्टै खाता खोल्नु पर्नेछ । खाता संचालनमा कोषाध्यक्ष वा कार्य समितिले तोकेको व्यक्तिको हस्ताक्षर अनिवार्य हुनु पर्नेछ ।

*ठ) संस्थाले आफ्नो र आफूले सञ्चालन गरेका परियोजनाहरूको पारदर्शितालाई सुनिश्चित गर्न आवश्यकता अनुसार समुदाय स्तर, जिल्ला स्तर, क्षेत्रीय स्तर र केन्द्रीय स्तरमा सामाजिक लेखा परीक्षण सम्पन्न गर्नु पर्नेछ ।

*ड) प्रचलित नेपाल कानुन बमोजिम स्थापना वा दर्ता भई परिषद्मा आवद्ध संघ,संस्थाले समेत यस नियमवली बमोजिमका प्रावधानको पालना गर्नुपर्नेछ ।

(२) यस नियमावलीमा तोकिएका सर्तहरू पूरा हुने गरी सामाजिक संघसंस्थाले ऐनले तोकेको म्यादभित्र आआफ्नो विधान नियमानुसार संशोधनका लागि पेस गरिसक्नुपर्नेछ ।

*१५क. नेपालमा काम गर्न अनुमति पाएका अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था एवं विदेशी गैरसरकारी संघसंस्थाले पालना गर्नु पर्ने शर्तहरू

*१) कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले सिधै परियोजना/कार्यक्रम सञ्चालन गर्न पाउने छैनन् । परियोजना/कार्यक्रम स्वदेशी साझेदार संस्था मार्फत कार्यान्वयन गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था एवं विदेशी गैरसरकारी संघसंस्थाले आर्थिक तथा भौतिक श्रोत साधन खोजीगर्ने, उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, परियोजना कार्यक्रमको प्रगति अनुगमन गर्ने जस्ता कार्यहरू गर्नेछन् ।

*२) कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले आर्थिक तथा भौतिक सहायता नेपाल वाहिरवाट ल्याउनु पर्नेछ । सरकारी वा गैरसरकारी स्तरवाट नेपालका लागि छुट्याइएको रकम वा विभिन्न संझौता/करार समझदारी पत्र अन्तर्गत छुट्याइएको आर्थिक एवं भौतिक श्रोत साधनवाट यस्ता संस्थाले आर्जन गर्न वा पहुँच पुऱ्याउन पाउने छैनन् ।

*३) नेपालमा काम गर्न अनुमति पाएका कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले आफूले प्राप्त गरेको रकम अर्को अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थालाई उपलब्ध गराउन पाउने छैन ।

*४) नेपालमा परियोजना/कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले संझौता अनुसार प्राप्त आर्थिक तथा भौतिक श्रोत साधन नेपाल वाहिर लान वा प्रयोग गर्न पाउने छैन । यसरी प्राप्त हुने आर्थिक तथा भौतिक श्रोत साधन अनुदानको रूपमा मात्र प्राप्त भएको मानिने छ ।

*५) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालमा परियोजना/कार्यक्रमका लागि सहयोग गर्दा मानव सूचकांकका आधारमा पछि परेका क्षेत्र, पिछडिएका समुदाय, जाति, वर्ग, बाल संरक्षण, अपांग एवं महिला संरक्षण तथा सशक्तीकरण, उत्पीडित वर्ग, मुस्लिमलगायतका विषयमा केन्द्रित रही कर्णाली अञ्चल र त्यस्तै प्रकृतिका क्षेत्र समेटी सरकारको आवधिक योजनाद्वारा निर्देशित प्राथमिकता प्राप्त विषयगत एवं भौगोलिक क्षेत्रमा पर्ने गरी आफ्ना परियोजना/कार्यक्रम विकास एवं कार्यान्वयन गर्नु पर्नेछ ।

---

[] दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट थप

*६) नेपालमा काम गर्ने अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले आफ्ना परियोजना/कार्यक्रमको पारदर्शिता सुनिश्चित गर्न आफू वा आफ्ना साझेदार संस्थामार्फत समुदाय, जिल्ला, क्षेत्रीय एवं केन्द्रीय स्तरमा सामाजिक लेखा परीक्षण सम्पन्न गर्नु पर्नेछ ।

*७) अन्तर्राष्ट्रिय सामाजिक संघ-संस्था वा विदेशी गैरसरकारी संघसंस्थाले आफ्ना परियोजना/कार्यक्रमको केन्द्रीय तथा जिल्ला स्तरमा सल्लाहकार समितिको वैठकको आयोजना गर्नु पर्नेछ ।

*८) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालका लागि परियोजना/कार्यक्रम विकास गर्दा परियोजना/कार्यक्रम अन्तर्गत प्रशासनिक खर्चको माथिल्लो हद परियोजना/कार्यक्रम कुल बजेटको *२० प्रतिशत राख्ने व्यवस्था गर्नु पर्नेछ ।

*९) अन्तर्राष्ट्रिय सामाजिक संघ, संस्था वा विदेशी गैरसरकारी संघ-संस्थाले आफ्नो संस्था एवं परियोजना/कार्यक्रमको लेखा परीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन तथा ऐन तथा नियमावली अनुसारका अन्य विवरण समाज कल्याण परिषद्लगायत सम्वन्धित निकायमा बुझाउनु पर्नेछ ।

*१०) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले परिषद् कार्यालयमा परियोजना प्रस्ताव स्वीकृतिका लागि पेस गर्नु पुर्व जुन जिल्लामा परियोजना/कार्यक्रम सञ्चालन गर्ने हो उक्त जिल्लाको जिल्ला विकास समितिको पूर्वसहमति पत्र प्राप्त गर्नु पर्नेछ ।

*११) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालका लागि परियोजना /कार्यक्रम विकसित गर्दा भौतिक संरचना निर्माणहुने, वहस/पैरवी/सचेतना, आर्थिक सशक्तिकरण तथा सेवा प्रदायक जस्ता परियोजना/कायम संन्तुलनमा प्राथमिकता दिनु पर्नेछ ।

*१२) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले परियोजना/कार्यक्रम विकसित एवं कार्यान्वयन गर्ने प्रयोजनार्थ भौगोलिक क्षेत्र छान्दा सम्बन्धित गा.वि.स., न.पा. वा जिल्ला सम्पूर्ण रूपमा समेट्ने गरी छान्नु पर्नेछ ।

*१३) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले परियोजना/कार्यक्रम विकास तथा कार्यान्वयन गर्दा जिल्ला विकास समितिसँग क्रियाशील समन्वय गर्नुपर्नेछ । साझेदार संस्थाका परियोजना/कार्यक्रम जिल्ला विकास समितिको वार्षिक योजनामा समावेश गराउने व्यवस्था गर्नु अन्तर्राष्ट्रिय सामाजिक संघ संस्था एवं विदेशी गैरसरकारी संघसंस्थाको जिम्मेवारी हुनेछ ।

*१४) कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालका लागि स्वीकृत गराएको परियोजना/कायक्रमबाट आफ्ना विशेषज्ञ/देशीय प्रतिनिधि/ स्वयंसेवकको तलव/सुविधा बापत खर्च गर्न पाउने छैन् ।

*१५) नेपालमा कार्य गर्न अनुमति प्राप्त गरेका अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले परिषद् कार्यालयसंग गरिने सम्झौतामा एक प्रकारको आर्थिक तथा भौतिक सहायता अंक/रकम र दातृ संस्थासंग गरिने संझौता/समझदारी पत्र/करारमा फरक अंक/रकम राखी सम्झौता/समझदारी/करार गर्नु गराउन पाइने छैन

*१६) नेपालमा कार्यरत एक अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्था, अर्को अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघ, संस्थामा गाभिने भएमा दुवै पक्षको हेडक्वाटरको स्वीकृति पत्र, गाभिने मिति, भौतिक सम्पति, जनशक्ति, आर्थिक पक्षको निर्क्योल गाभिन चाहने संस्थाले गाभिने संस्थालाई बार्षिक उपलब्ध गराउने रकम जस्ता विवरण खोली परिषद् कार्यालको स्वीकृति लिनु पर्नेछ ।

*१७) कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालको जुन जिल्लामा परियोजना/कार्यक्रम सञ्चालन गर्ने हो उक्त जिल्लाको समुदायको आवश्यकतामा आधारित आवश्यकता विश्लेषण/संभाव्यता अध्ययन गर्नु पर्नेछ । त्यसैगरी नेपाल सरकारको प्राथमिकता प्राप्त परियोजना/कार्यक्रम एवं भौगोलिक क्षेत्रको विश्लेषण गर्नुका साथै सम्वन्धित जिल्ला विकास समितिबाट समेत समन्वय गरी आवश्यक सल्लाह सुझाव लिनु पर्नेछ ।

* दोस्रो संशोधनबाट थप

१८) यस नियमावली वा परिषद् कार्यालय तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थावीच भएको साधारण सम्झौता तथा परियोजना संझौता पालना नगर्ने अन्तर्राष्ट्रिय सामाजिक संघ, संस्था वा विदेशी गैरसरकारी संघसंस्थाको नाम, संझौतामा हस्ताक्षर गर्ने व्यक्तिको नाम समेत परिषद् कार्यालयले सार्वजनिक गर्न सक्नेछ । यस्ता संस्था वा व्यक्तिलाई आवश्यक देखेमा कालो सूचीमा राखी भविष्यमा नेपालमा कार्य गर्ने अनुमति समेत नदिन सक्नेछ ।

१९) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालमा नाफा कमाउने उद्देश्यले वा अन्य प्रकारले कुनै पनि प्रकारको व्यापार, व्यवसाय वा उद्योग सञ्चालन गर्न कुनै पनि नाफामूलक संस्थामा रकम लगानी गर्न वा सेयर लगानी गर्न, गराउन पाइने छैन ।

१६. आर्थिक सहयोग

□(१) ऐनको दफा १२ बमोजिम काम गर्न अनुमति प्राप्त गरी साधारण सम्झौता गर्ने अन्तर्राष्ट्रिय सामाजिक, संघसंस्था वा विदेशी गैरसरकारी संस्थाले परियोजनाको विस्तृत विवरणसहित परिषद् कार्यालयले परियोजना सम्झौताको प्रयोजनार्थ तोके बमोजिमको परियोजना प्रस्ताव पेस गर्नुपर्ने ।

□(२) ऐनको दफा १६ बमोजिम आर्थिक सहयोग प्राप्त गर्न चाहने सामाजिक संघ, संस्थाले सहयोग उपलब्ध गराउने अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी गैरसरकारी संस्था वा ऐनले तोकेको निकाय वा व्यक्तिको स्वीकृति वा प्रतिवद्धतापत्र वा संझौता/करार/समझदारीपत्रसहित परिषद् कार्यालयले तोकेबमोजिमको परियोजना प्रस्ताव पेश गरी निवेदन दिनुपर्नेछ ।

□(३) उपनियम (१) र (२) बमोजिम पेश गरिएका परियोजना प्रस्ताव, उपर आवश्यक भएमा संशोधन वा हेरफेर गरी सदस्य-सचिवले बढीमा ४५ दिनभित्र स्वीकृत गर्न सक्नेछ ।

□(४)परिषद् कार्यालयको स्वीकृतिबाट प्राप्त विदेशी सहयोग तोकिएको काममा बाहेक अन्य कार्यमा परिषद कार्यालयको पूर्व स्वीकृति बेगर खर्च गर्न पाइने छैन ।

(५) अनुमति पाएका कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थाले नेपालभित्र अन्य स्रोतबाट सहायता जुटाउन चाहेमा परिषद्को पूर्वस्वीकृति लिनुपर्नेछ ।

*६) ऐनको दफा १६ बमोजिम आर्थिक सहयोग प्राप्त गर्न स्वीकृति प्राप्त गरेका सामाजिक संघसंस्थाले स्वीकृत रकम नेपाल भित्रै खर्च गर्नु पर्नेछ ।

*८) ऐनको दफा १६ बमोजिम आर्थिक, प्राविधिक, वस्तुगत सहयोगको प्राप्त भए पश्चात परिषद् कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

१७. परियोजना संशोधन वा हेरफेर

□(१)ऐनको दफा १२ र १६ बमोजिम पेस भएका परियोजना प्रस्ताव परिषद् कार्यालयले संशोधन वा हेरफेर गर्नु पर्ने भएमा सो गरी स्वीकृति दिन सक्नेछ ।

□(२) उपनियम (१) बमोजिम प्रस्ताव पेस भई परिषद् कार्यालयवाट परियोजना सञ्चालन गर्न स्वीकृति प्राप्त विदेशी गैरसरकारी संघसंस्था वा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा सामाजिक संघसंस्थाले स्थानीय स्तरमा लक्षित समूह एवं स्थानिय निकायको प्रत्यक्ष संलग्नतामा कार्यक्रम तर्जुमा, कार्यान्वयन एवं अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१८. स्थानीय संस्थालाई प्राथमिकता

□(१) अन्तर्राष्ट्रिय सामाजिक संघ, संस्था वा विदेशी गैरसरकारी संघसंस्थाले परियोजना कार्यान्वयन गर्दा परिषद्मा आवद्ध सामाजिक संघसंस्था वा यस नियमावलीको नियम २ को उप नियम (११) का साझेदार संस्थासँग मिलेर काम गर्नु पर्नेछ । यस्ता साझेदारी संस्थाले परियोजनाको विकास कार्यान्वयन एवं परियोजनाको प्रगति विश्लेषण तथा अनुगमन गर्नुका साथै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थावाट परियोजनाका लागि प्राप्त हुने आर्थिक श्रोत संस्थाको बैंक खाता मार्फत समुदायसम्म प्रवाहित गर्नु पर्नेछ ।

---

□ दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट थप

२०४९

*२) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले एक परियोजना सम्झौताभित्र एक वा सोभन्दा बढी सामाजिक संघसंस्थालाई साझेदार संस्थाको रूपमा समावेश गर्न सक्नेछन् ।

*३) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले साझेदार संस्था छान्दा जुन जिल्लामा परियोजना सञ्चालन हुने हो त्यही जिल्लामा दर्ता भएका स्वेदेशी संघसंस्था छान्नु पर्नेछ । यदि परियोजनाको प्रकृति अनुसारका स्वदेशी सामाजिक संघसंस्था सो जिल्लामा उपलब्ध नभएको खण्डमा छिमेकी एवं जोडिएका जिल्लाहरूबाट साझेदार संस्थाको छनोट गर्नु पर्नेछ । सो नभएमा परिषद् कार्यालयको स्वीकृति लिइ अन्य जिल्लाका संस्थालाई साझेदार संस्था छनोट गर्न सकिनेछ । यसरी स्वदेशी संघसंस्था छनोट गर्दा पारदर्शिता सुनिश्चित गर्नु पर्नेछ

*(४) अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था एवं विदेशी गैरसरकारी संघसंस्था र स्वदेशी सामाजिक संघसंस्थाले स्थानीय स्वायत्त शासन ऐन २०५५ एवं नियमावली २०५६ अनुसार जिल्ला विकास समितिसँग समन्वय गरी काम गर्नु पर्नेछ ।

*५) यस नियम बमोजिम संघसंस्थाले सञ्चालन गर्ने परियोजनाको कार्यक्रम सम्बन्धित जिल्ला विकास समितिको वार्षिक योजनामा समावेशगर्नु पर्नेछ ।

१९. विदेशी प्रतिनिधि र विशेषज्ञ सेवा सम्बन्धी अनुमति

□(१) ऐनको दफा १२ को उपदफा (२) र (३) बमोजिम साधारण सम्झौता र परियोजना सम्झौतामा व्यवस्था गरिएअनुसार अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाका विशेषज्ञ/स्वयंसेवक प्रतिनिधिले प्रचलित नेपाल कानुन बमोजिम सेवा सहमति एवं प्रवेशाज्ञाका लागि परिषद् कार्यालयमा तोकिए बमोजिमको निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन उपर छानबिन गरी सेवा सहमति एवं प्रवेशाज्ञा अनुमतिका लागि सदस्य सचिवले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

□(२)उपनियम (१) बमोजिमको निवेदनमा उपलब्ध जानकारी सन्तोषजनक नभएमा परिषद् कार्यालयले थप जानकारी माग गर्न सक्नेछ ।

□(३)उपनियम (१) बमोजिम अनुमतिका निम्ति सिफारिस गर्दा परियोजनाका निम्ति भएको साधारण एवं परियोजना सम्झौता अवधिभन्दा बढी अवधिका निम्ति भने सिफारिस गरिने छैन ।

□(४)उपनियम (१) बमोजिम अनुमति प्राप्त गरेका विदेशीहरूले सम्झौता प्रतिकूल काम गरेमा परिषद् कार्यालयले कुनै पनि बखत प्रवेशाज्ञा वा सेवा अनुमति रद्द गर्न वा म्याद थप नगर्न सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

□(५) परिषद् कार्यालयबाट अनुमति प्राप्त गरी कार्यरत संस्थाका विदेशी विशेषज्ञ वा स्वयंसेवक/प्रतिनिधिले परिषद् कार्यालयको स्वीकृति बेगर स्वदेशी सामाजिक संघसंस्थाको कार्यसमिति, प्रबन्ध समिति वा संस्थाको साधारण सदस्यता समेत लिन हुँदैन ।

□(६) उपनियम (१) बमोजिम अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाको विशेषज्ञ वा प्रतिनिधि वा स्वयंसेवकले परिषद् कार्यालयद्वारा तोकिए बमोजिमको योग्यता र अनुभवको प्रमाणपत्र सहितको विवरण पेश गर्नु पर्नेछ । यस्तो योग्यता र अनुभवको विवरणलाई समेत आधार मानी प्राप्त निवेदन उपर छानबिन गरी सेवा अनुमति एवं प्रवेशाज्ञाका लागि सदस्य सचिवले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ

*(७) उपनियम (१) बमोजिम अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संस्थाको बिशेषज्ञ वा प्रतिनिधि वा स्वयंसेवकले ऐनको दफा १२ र १६ को प्रयोजनको लागि सेवा अनुमति एवं प्रवेशाज्ञा लिएको बाहेक अन्यत्र निकायबाट सेवा अनुमति एवं प्रवेशाज्ञा लिनु हुँदैन ।

२०. आयव्यय विवरण पेस गर्नुपर्ने

---

□ दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट थप

□(१)ऐनको दफा १२ बमोजिम सम्झौता गरी नेपाल भित्र काम गर्न अनुमतिप्राप्त अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले सम्झौताको कार्यान्वयनका लागि प्राप्त गर्ने सम्पूर्ण रकम नेपाल भित्र सञ्चालित वाणिज्य बैंकहरूमध्ये कुनै एउटा बैंकमा केन्द्रीय खाता खोली जम्मा गर्नुपर्नेछ । यस्तो कारोबारको विवरण प्रत्येक ४/४ महिनामा परिषद् कार्यालयमा उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित अन्तर्राष्ट्रिय सामाजिक संघ, संस्था वा विदेशी गैरसरकारी संघसंस्थाका प्रमुख वा प्रतिनिधिको हुनेछ ।

(२) उपनियम (१) बमोजिम केन्द्रीय खातामा जम्मा गरिएको रकम आवश्यकताअनुसार अरू खाता खोली बैंकिङ कारोबार गर्न सकिनेछ ।

□(३)उपनियम (१) बमोजिम केन्द्रीय खाता खोल्नका निम्ति सम्बन्धित संस्थाले रोजेको बैंकमा परिषद् कार्यालयले सिफारिस गर्नेछ

□(४)ऐनको दफा १२ र १६ बमोजिम विदेशी एवं नेपाली सामाजिक संघसंस्थाले परियोजनापिच्छे छुट्टाछुट्टै खाता खोली कारोबार गर्नुपर्नेछ । त्यस्तो बैंकिङ कारोबारको विवरण प्रत्येक ४/४ महिनामा परिषद् कार्यालयमा उपलब्ध गराउनु सम्बन्धित संस्थाको जिम्मेवारी हुनेछ ।

२१. लेखापरीक्षण र भौतिक सम्परीक्षणको विवरण

(१) ऐनको दफा १२ र १६ बमोजिम भएको खर्चको वार्षिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र इजाजतप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई परिषद कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(२) वार्षिक लेखापरीक्षणको प्रतिवेदनमा संस्थाको भौतिक सम्पत्तिको सम्परीक्षण विवरणसमेत समावेश हुनुपर्नेछ ।

२२. साधनहरूको संरक्षण गर्नुपर्ने

परिषद्को सिफारिसमा आयात इजाजतपत्र वा भन्सार छुट सुविधा प्राप्त कुनै पनि सामानको उपयुक्त संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ । परिषद्को पूर्वस्वीकृतिबेगर त्यस प्रकारको कुनै पनि सामानहरू बेचबिखन, नामसारी, नासमास, हिनामिना वा दानदातव्य गर्न पाइने छैन ।

२३. संशोधन तथा जारी

(१) यस नियमावलीको संशोधन परिषद्ले गर्न सक्नेछ ।

*(२) परिषद्ले स्वदेशी सामाजिक संघसंस्था तथा विदेशी गैरसरकारी वा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्थाको लागि निर्देशिका तर्जुमा गरी लागू गर्न सक्नेछ ।

२४. बाधाअड्काउ फुकाउने

(१) यस नियमावलीमा उल्लेख नभएका विषयमा कुनै निर्णय लिनुपर्ने भएमा परिषद्को निर्णयअनुसार हुनेछ ।

(२) यो नियमावली कार्यान्वयन गर्दा कुनै बाधाअड्काउ परेमा परिषद्ले बाधाअड्काउ फुकाउन सक्नेछ ।

---

□ दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट थप

अनुसूची १

लोगो (प्रतिक चिन्ह)

पृष्ठभूमिमा बलिरहेको दियो र मन्दिर (पहाड) को आकृति अंकित हुनेछ ।

सदस्य-सचिव

अनुसूची -२

## परिषद्को झण्डा

परिषदको झण्डा समचतुकोष्ण आकारको सेतो पृष्ठभूमिको हुनेछ । जसको विचमा नीलो घेरा हुनेछ । सो नीलो घेराको माझमा रातो समवुझचतुकोष्ण हुनेछ । रातो दुईवटा कोण पर्ने गरी जम्मा अष्ट कोणहरु हनेछन ।

सदस्य-सचिव

अनुसूची ३

## आबद्धताको दरखास्त फारम

श्रीमान् सदस्य सचिवज्यू
समाज कल्याण परिषद्

महोदय,

हामीले........................................जिल्ला प्रशासन/ कम्पनी रजिष्ट्रार कार्यालयमा मिति....................मा विधिवत दर्ता भएको..................................................नामक गैर सरकारी सामाजिक संस्था मुनाफा वितरण नगर्ने कम्पनी परिषद्मा आबद्ध गरिपाउँन मिति.........................मा निवेदन पेश गरेका छौं । समाज कल्याण ऐन -२०४९, समाज कल्याण नियमावली -२०४९, सामाजिक संघ/संस्था आबद्धता निर्देशिका २०७१ तथा परिषद्को नीति नियम विनियमको अधीनमा रही गर्न गराउन मञ्जुर छौं । साथै समाज कल्याण नियमावली, २०४९ बमोजिम तपसिलका शर्तहरू पूर्ण रूपमा पालना गर्न स्वीकार्य भएको व्यहोरा जानकारी गराउँदै संस्था/कम्पनीको विधान/प्रबन्ध पत्र, नियमावलीमा परिषद्बाट भएका निर्देशन तथा जानकारी अनुरूप संस्था/कम्पनीको कार्य समिति/सञ्चालक समिति, साधारण सभाबाट स्वीकृति लिई ६ महिनाभित्र संशोधन गराई परिषद्मा पेश गर्नेछौं ।

तपसिल

१. समाज कल्याण परिषद्मा आबद्ध हुन चाहने सामाजिक संघ/संस्था मुनाफा वितरण नगर्ने कम्पनीहरूले निम्नलिखित शर्तहरूको पालना गर्नपर्ने छ ।
   (क) समाज कल्याण कार्य गर्ने उद्देश्य भएको हुनुपर्ने ।
   (ख) संस्था/कम्पनी मुनाफारहित परोपकारी हुनुपर्ने ।
   (ग) संस्था/कम्पनीको साधारण सदस्यता खुल्ला हुनुपर्ने ।
   (घ) कार्य/सञ्चालक समितिको नियमित निर्वाचन हुनुपर्ने ।
   (ङ) नवीकरण, लेखापरीक्षण, वार्षिक प्रगति प्रतिवेदनको प्रतिलिपि स्थानीय अधिकारी र परिषद्मा पठाउने व्यवस्था हुनुपर्ने ।
   (च) अविश्वासको प्रस्ताव राख्ने र तदर्थ समिति गठन गर्ने प्रावधान राखिनु पर्ने ।

समाज कल्याण परिषद् २०४९ Social Welfare Council



सदस्य-सचिव

(छ) संस्थाका आजीवन सदस्य लगायत सबै साधारण सदस्यको (मानार्थ बाहेक) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै तहको निर्वाचनमा भाग लिन पाउँने व्यवस्था हुनुपर्ने छ। तर निर्वाचनमा भाग लिन सदस्यता प्राप्त गर्ने निश्चित समयावधि तोकिएको भएमा यस नियमसँग बाझिएको मानिने छैन।

(ज) एकभन्दा धेरै शाखा वा तह भएमा संस्था/कम्पनीको हकमा प्रारम्भिक तहको निर्वाचन गरेपछि मात्रै माथिल्लो तहको निर्वाचन गर्ने प्रावधान हुनुपर्ने छ। यो नियमावली प्रारम्भ हुँदाका बखत यस अनुसार निर्वाचन नभई गठन भएको समिति सरह मानिने छ र त्यस्तो समितिको ऐनले तोकेको म्यादभित्र निर्वाचन हुनुपर्ने छ।

(झ) संस्था/कम्पनीको लाभांश वितरण नगरिने र नहुने व्यवस्था हुनुपर्ने छ।

(ञ) संस्था/कम्पनीको निर्वाचन वा मनोनित पदाधिकारी वा सदस्यले संस्था/कम्पनीबाट नियमित वेतन लिन हुँदैन, संस्था/कम्पनीले सञ्चालन गरेका परियाजनामा निश्चित जिम्मेवारी पूरा गरेबापत पारिश्रमिक लिनलाई रोक लगाएको मानिने छैन।

(ट) संस्था/कम्पनीले वैदेशिक सहयोग प्राप्त गर्दा समाज कल्याण परिषद्को पूर्व स्वीकृति लिनुपर्ने छ।

(ठ) संस्था/कम्पनीको नाममा बैंक खाता हुनुपर्ने, बैंक खाता सञ्चालनमा कोषाध्यक्ष/ कोष व्यवस्थापक तोकी हस्ताक्षर अनिकार्य हुनुपर्ने छ।

२. यस नियमावलीमा तोकिएका शर्तहरू पूरा हुनेगरी सामाजिक संघ/संस्था/कम्पनीहरूले तोकेको म्यादभित्र आफ्नो विधान/प्रबन्ध पत्र, नियमावली नियमानुसार संशोधनका लागि पेश गरिसक्नु पर्नेछ।

मिति:

भवदीय,

नाम :

दस्तखत

पद :

**नोट :** आबद्धता स्वीकृत भएको मितिले ३५ दिनभित्र आबद्धताको प्रमाण पत्र बुझिलिनु पर्नेछ। तोकिएको समयावधि पछि स्वीकृत प्रमाण पत्र स्वतः रद्द भई पुनः नयाँ प्रक्रियाको थालनी गर्नुपर्ने छ।



समाज कल्याण परिषद् Social Welfare Council २०४९

**सदस्य-सचिव**

## आबद्धताको दरखास्त

१) संस्था/मुनाफा वितरण नगर्ने कम्पनीको नाम :..........................................................................)

(अङ्ग्रेजी ब्लक लेटर)..........................................................................................................)

स्थापना मिति :.....................................................................................................................)

२) पूरा ठेगाना : गाउँ/नगर.................................वडा नं.................................जिल्ला..........................

अञ्चल.........................प्रदेश..........................हुलाक ठेगाना..........................................................

पोष्ट बक्स नं...........................टेलिफोन नं.................................मोबाईल नं..................................

ईमेल :............................................ वेवसाईट :.........................................................................

३) जिल्ला प्रशासन/ कम्पनी रजिष्ट्रार कार्यालय दर्ता नं....................................मिति................................

४) संस्था/कम्पनीको मूख्यमूख्य उद्देश्यहरू :

क)

..........................................................................................................................................

ख)

..........................................................................................................................................

ग)

..........................................................................................................................................

५) संस्था/कम्पनीको उद्देश्य अनुरुप मूख्य कार्यक्षेत्र : ( परिषद्बाट निर्धारित मध्ये एक )

..........................................................................................................................................

६) पदाधिकारी/सञ्चालकहरूको विवरण:

| क्र.स. | नाम थर | पद | पेशा | ठेगाना |
|---|---|---|---|---|
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |
| घ) | | | | |
| ङ) | | | | |
| च) | | | | |
| छ) | | | | |
| ज) | | | | |
| झ) | | | | |
| ञ) | | | | |



समाज कल्याण परिषद् Social Welfare Council

सदस्य-सचिव

ट)

ठ)

ड)

ढ)

ण)

७) संलग्न कागजातहरू

१)........................................................................................................................

२)........................................................................................................................

३)........................................................................................................................

माथि उल्लेखित विवरण भएको सामाजिक संस्था/मुनाफा वितरण नगर्ने कम्पनीको समाज कल्याण परिषद्मा आबद्ध गरिपाउँन अनुरोध गरेका छौं ।

निवेदक :

नाम :

पद :

दस्तखत :

मिति :



समाज कल्याण परिषद् २०४९ Social Welfare Council

सदस्य-सचिव

## संघ/संस्था समन्वय शाखा

कार्यालय प्रयोजनका लागि

संस्थाको नाम ठेगाना : ..........................................................................................

आबद्धता नं. :.....................................................................................................

आबद्ध नहुने भए सो को कारण : ...............................................................................

.........................................................................................................................

देहाय बमोजिम ६ महिनाभित्र संयोजन गर्ने गरी आबद्धताको प्रमाण-पत्र दिन उपयुक्त देखिएको

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

पेश गर्ने :..................

मिति :......................

सिफारिस गर्ने :...................

मिति :..............................

स्वीकृत गर्ने :.............................

मिति :....................................



समाज कल्याण परिषद्
Social Welfare Council
२०४९

सदस्य-सचिव

अनुसूची ४

# समाज कल्याण परिषद्

२०४९

आबद्धता नं...................

## आबद्धताको प्रमाण - पत्र

...................................................................................................................................लाई
समाज कल्याण ऐन, २०४९ को दफा १३ बमोजिम......................साल...............महिना............गते आबद्धताको प्रमाण - पत्र प्रदान गरिएको छ ।

# Social Welfare Council

Lainchaur, Kathmandu, Nepal
1992

Affiliation No...........

## CERTIFICATE OF AFFILIATION

This Certificate of affiliation has been issued to

...........................................................................................

on .....................pursuant to section 13 of the Social Welfare Act. 1992.

.......................

सदस्य-सचिव

## नवीकरण सम्बन्धमा

कम्पनी/संस्थाको नाम :-

| नवीकरण गरेको मिति | नवीकरण गरेको अवधि | नवीकरण दस्तुर र रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप | कैफियत |
| --- | --- | --- | --- | --- |
| | | | | |



सदस्य-सचिव

आवद्धता फिर्ता लिने फार्म
(सम्बन्धित सस्थाहरुले भर्ने)

१) संस्थाको नाम :
२) ठेगाना.......................................................फोन/मो.नं...............................................
३) परिषदमा आवद्ध भएको मिति : ..............................आ.नं.
४) जिल्ला प्रशासन कार्यालय/कम्पनी रजिष्ट्रारको कार्यालयको दर्ता मिति :
५) दर्ता नं.
६) आवद्धता फिर्ता लिनु पर्नाको कारण
७) संलग्न कागजपत्रहरु :

समाज कल्याण ऐन २०४९ को दफा १३ (४) बमोजिम उपयुक्त विवरण बमोजिम यस संस्थाले परिषदसँग आवद्धता फिर्ता लिन इच्छुक भएको हुँदा समाज कल्याण नियमावली बमोजिम आवद्धताबाट अलग हुनका लागि अनुरोध गर्दछु।

भवदीय



**सदस्य-सचिव**